February 26th, 2025 Wednesday

## National News

<u>प्रमुख समाचार:</u>

१. विश्वको सबैभन्दा ठूलो आध्यात्मिक र सांस्कृतिक जमघट महाकुम्भ आज महाशिवरात्रिको अन्तिम स्नान गरी समापन हुँदै

२. महाशिवरात्रि पर्व धार्मिक हर्षोल्लासका साथ मनाइँदै, यस अवसरमा राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्रीद्वारा शुभकामना व्यक्त

३. विदेशन्त्री डा. एस. जयशंकरका अनुसार भारत र जापान अफ्रिकी देशहरूका लागि लचिलो आपूर्ति शृङ्खलाहरू बलियो बनाउन सहयोगी सिद्ध हुनसक्ने

४. ICC च्याम्पियन्स क्रिकेट ट्रफीमा, समूह बी खेलमा अफगानिस्तान र इङ्गल्याण्डबीच भिडन्त हुँदै

## 1. Mahakumbha - Shivaratri

महाशिवरात्रिको पावन अवसरमा आज प्रयागराजमा विश्वकै ठूलो आध्यात्मिक तथा सांस्कृतिक मेला महाकुम्भ सम्पन्न हुँदैछ । आज बिहानैदेखि प्रयागराजस्थित संगम र अन्य घाटमा देशभरका भक्तजनले स्नान गरेका छन् । १३ जनवरीबाट सुरु भएको महाकुम्भमा हालसम्म ६४ करोड ६० लाखभन्दा बढी भक्तजनले स्नान गरेका छन् । १४४ वर्षमा एकपटक मात्रै हुने दुर्लभ खगोलीय संयोगले यस वर्ष महाकुम्भको महत्व झनै बढेको छ । यस कार्यक्रमलाई सुरक्षित र यादगार बनाउन विशेष व्यवस्था गरिएको छ । भीडभाडबाट बच्नका लागि डुबकी लगाइसकेपछि नरोकिन सर्वसाधारणलाई आग्रह गरिएको छ । राष्ट्रिय प्रकोप उद्धार बल, राज्य आपदा प्रतिक्रिया बल, होमगार्ड र प्रहरी टोलीले घाटमा नजर राखिरहेका छन्। मेला स्थलको हवाई अनुगमन पनि भइरहेको छ । यसका साथै भक्तजनको सुविधाका लागि साढे चार हजार बस पनि सञ्चालन गरिएको छ ।

## 2. Shivaratri

महाशिवरात्रि पर्व आज देशभर श्रद्धा र हर्षोल्लासका साथ मनाइँदैछ । राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति जगदीप धनखर, प्रधानमन्त्री नरेन्द्र मोदी र गृहमन्त्री अमित शाहले देशबासीलाई महाशिवरात्रिको शुभकामना दिनुभएको छ।

## 3. Prasar Bharati - Kumbhavani

प्रसार भारतीका अध्यक्ष नवनीत सहगलले जनतालाई देशको संस्कृतिसँग जोड्न आकाशवाणी रेडियोले सधैं महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभएको छ। आकाशवाणी रेडियोले सार्वजनिक प्रसारणकर्ताको रूपमा आफ्नो जिम्मेवारीलाई गम्भीरताका साथ लिएको उहाँले बताउनुभयो। महाकुम्भको अन्तिम दिन आफ्नो सन्देशमा श्री सहगलले आकाशवाणीको कुम्भवानी च्यानलको प्रसारणले मानिसहरूलाई धेरै प्रभावित गरेको उल्लेख गर्नुभयो। त्यसैगरि प्रसार भारतीका प्रमुख कार्यकारी अधिकृत (सीईओ) गौरव द्विवेदीले महाकुम्भको समयमा प्रयागराजमा आकाशवाणीको कुम्भवानी च्यानलको प्रयासको प्रशंसा गर्ुनुभयो। आकाशवाणीले कुम्भवानीक ो समाचार, अन्तर्वार्ता र विशेष कार्यक्रमहरू प्रदान गरी सार्वजनिक सेवा प्रसारकका रूपमा उत्कृष्ट भूमिका निर्वाह गरेको उहाँले बताउनुभयो । श्री द्विवेदीले कुम्भवानीले करोडौं जनताको मनमा अद्भुत स्थान बनाएको पनि बताउनुभयो ।

आकाशवाणी रेडियोका महानिर्देशक प्रज्ञा पालीवाल गौरले छोटो समयमै ठूलो संख्यामा श्रोताहरूसम्म पुग्न सफल भएकोमा कुम्भवानीको प्रशंसा गर्नुभयो।

## 4. VP- Nyukum Festival

उपराष्ट्रपति जगदीप धनखरले सांस्कृतिक सम्पदा जोगाउन चाडपर्वले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभएको छ । अरुणाचल प्रदेशको कमले जिल्लाको बोसिम्लामा आज पहिलो संयुक्त मेगा न्योकुम युल्लो कार्यक्रममा उहाँले यस्तो बताउनुभएको हो। श्री धनखरले भारत विश्वको सबैभन्दा छिटो विकासशील देश हो भन्नुभयो। उहाँले देशको आर्थिक वृद्धि, पूर्वाधार विकास र समाज कल्याणका योजनामा उल्लेखनीय प्रगति भएको कुरालाई प्रकाश पार्नुभयो । कार्यक्रममा केन्द्रीय संसदीय मामिला तथा अल्पसंख्यक मामिला मन्त्री किरेन रिजिजुले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा अरुणाचल प्रदेशमा नयाँ परिवर्तन आएको बताउनुभयो। । उहाँले चाँडै सम्पन्न हुने ट्रान्स-अरुणाचल राजमार्गले राज्यका प्रत्येक जिल्ला मुख्यालयलाई जोड्ने बताउनुभयो।

5. Jaishankar – Business Forum

विदेशमन्त्री डा. सुब्रमण्यम जयशंकरले भारत अफ्रिकाको चौथो ठूलो व्यापारिक साझेदार भएको बताउनुभएको छ। द्विपक्षीय व्यापार करिब सय अर्ब डलर पुगेको छ । जापान-भारत-अफ्रिका व्यापार मञ्चलाई भर्चुअल सम्बोधन गर्दै श्री जयशंकरले भारत र जापानले अफ्रिकी देशहरू विशेष गरी महत्त्वपूर्ण र उदीयमान क्षेत्रका लागि लचिलो आपूर्ति श्रृंखलाहरू बलियो बनाउन सहयोग गर्न सक्ने बताउनुभयो।

6. HM Amit Shah Visit

केन्द्रीय गृहमन्त्री तथा भारतीय जनता पार्टीका वरिष्ठ नेता अमित शाहले वित्तमन्त्री निर्मला सीतारमणले मध्यम वर्ग, किसान र लघु, साना तथा मझौला उद्योगको फाइदाका लागि बजेट प्रस्तुत गरेको बताउनुभएको छ। गृहमन्त्रीले कोइम्बटूरमा पार्टीको नयाँ भवनको उद्घाटन गरेपछि यस्तो भन्नुभएको हो। उहाँले किसानका लागि धेरै योजना बजेटमा समेटिएको बताउनुभयो ।

7. Bihar – Cabinet

बिहारमा नितिश कुमार नेतृत्वको मन्त्रिपरिषदमा आज सात नयाँ मन्त्रीहरू थपिएका छन्। पटनाको राजभवनमा आयोजित सपथ ग्रहण समारोहमा राज्यपाल आरिफ मोहम्मद खानले भाजपाका सात विधायकलाई पद तथा गोपनियताको सपथ गराउनुभयो। आजको विस्तारसँगै नितिश कुमारको नेतृत्वमा रहेको मन्त्रिपरिषदमा मुख्यमन्त्रीसहित ३६ मन्त्री रहेका छन् । यसअघि आज राजस्व तथा भूमिसुधार मन्त्री डा. दिलीपकुमार जैसवालले पदबाट राजीनामा दिनुभएको थियो ।

8. Animal Welfare Board – Awards

भारतको पशु कल्याण बोर्डले भोलि नयाँ दिल्लीमा पुरस्कार समारोह आयोजना गर्नेछ। कार्यक्रमले पशु कल्याण र संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याउने उत्कृष्ट व्यक्ति र संस्थाहरूलाई सम्मान गर्नेछ। कार्यक्रममा केन्द्रीय मत्स्य पालन, पशुपालन र दुग्ध राज्य मन्त्री लगायत अन्य वरिष्ठ अधिकारीहरू समारोहमा सहभागी हुने बताइएको छ।

## 9. Surat – Fire

गुजरातको सुरतमा रहेको चार तले कपडा बजारमा आज आगलागी भएको छ । दमकल र स्थानीय प्रहरीले आगो नियन्त्रणको प्रयास गरिरहेका छन् । यस घटनामा आठ सयभन्दा बढी पसल प्रभावित भएका छन् । आगलागीको कारण भने थाहा हुन सकेको छैन । हाम्रा संवाददाताका अनुसार बितेको २४ घण्टामा यस भवनमा आगलागीको यो दोस्रो घटना हो। हिजो बिहान भुइतल्लामा आगलागी हुँदा एक कर्मचारीको मृत्यु भएको थियो।

## 10. Sports News

### Govt – Sports Committee

सरकारले राष्ट्रिय खेलकुद संघलाई आर्थिक सहायता दिने मापदण्ड परिमार्जन गर्न ६ सदस्यीय समिति गठन गरेको छ । खेलकुद मन्त्रालयका सहसचिवको संयोजकत्वमा समिति गठन गरिएको खेलकुद मन्त्रालयले जनाएको छ ।  उल्लेख्य, केन्द्र सरकारले राष्ट्रिय खेलकुद महासंघहरूलाई भारतीय खेलाडीहरूलाई अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा प्रशिक्षण र सहभागिता लगायत विभिन्न खेल गतिविधिहरूका लागि सहायता योजना अन्तर्गत आर्थिक मदत उपलब्ध गराउँदै आएको छ।

क्रिकेटमा लाहोरमा जारी आइसीसी च्याम्पियन्स ट्रफी क्रिकेटमा इङ्ल्यान्ड र अफगानिस्तानबीच प्रतिस्पर्धा हुँदैछ। अफनिस्तानले टस जितेर पहिले ब्याटिङ गर्ने निर्णय गरेको छ । यो खेल दुवै टोलीका लागि महत्वपूर्ण मानिएको छ । । आजको खेलमा हार्ने टोली प्रतियोगिताबाट बाहिरिने छ ।

यसैबीच, चेसमा भारतीय ग्रान्डमास्टर कोनेरु हम्पीले मोनाको महिला ग्राण्ड प्रिक्स प्रतियोगिताको छैटौं राउण्डमा पराजित भएपछि सातौं राउण्डमा रोमाञ्चक पुनरागमन गरेकी छन् । स्पेनका सरसादत खादेमलाई पराजित गर्दै हम्पीले प्रतियोगितामा आफ्नो स्थान बलियो बनाएकी छिन् । यो जितसँगै हम्पी कुल चार अंकसहित संयुक्त दोस्रो स्थानमा छिन् ।

इन्डियन सुपर लिग फुटबलमा आज इस्ट बङ्गालले हैदरावाद एफसीको सामना गर्दैछ । गएराति भएको प्रतियोगितामा बेंगलुरु एफसीले चेन्नईयन एफसीलाई हराएको थियो । यो जितसँगै बैंगलोर ३७ अंकसहित तालिकाको तेस्रो स्थानमा छ ।